# आमचोक गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर
प्रदेश नं १, नेपाल

प.स: २०७७/०७८

सूचना.नः ४५

## ब्याकहो लोडर करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना.
(दोस्रो पटक प्रकाशित मिति २०७८।०२।२५ )

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि तपसिल बमोजिमको कर्मचारीहरु सेवा करारमा नियुक्ती गरी पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल ठेगाना ito.aamchowkmun@gmail.com मा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित निवेदन दिनुहुन अनुरोध छ ।

**तपसिल**

| क्र सं | विज्ञापन नं | पद | संख्या |
|---|---|---|---|
| १ | ११/०७७/०७८ | ब्याकहो लोडर | ०१ |

१. **आवश्यक न्युनतम योग्यता:-**
   - नेपाल सरकारको मान्यता प्राप्त कार्यालयबाट जारी गरेको ब्याकहो लोडर चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ ।

२. **सेवाको किसिम:-** करार सेवा ।

३. **उमेर:-** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।

४. **दरखास्त दिने स्थान:-** आमचोक गाउँकार्यपालिकाको कार्यालय, वालंखा भोजपुर वा कार्यालयको वेवसाईट www.aamchowkmun.gov.np बाट दरखास्त फारम डाउनलोड गरी उक्त फारम भरी कार्यालयको ईमेल ito.aamchowkmun@gmail.com मा पठाउन सकिनेछ ।

५. **दरखास्त दिने अन्तिम मिति:-** २०७८।०२।२५ देखि २०७८।०२।३१ गते कार्यालय समय भित्र ।

६. **आवेदन दस्तुर:-** रु ५००।–

७. **छनौटको किसिम:-** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, शिप परिक्षण र अन्तर्वार्ता परिक्षा ।

८. **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेको नागरिकताको प्रलितिपि, ब्याकहो लोडर चालक अनुमति पत्रको प्रतिलिपि ।

९. **परीक्षा संचालन हुने मिति समय र स्थान:-** दरखास्त फारम भर्ने अन्तिम म्याद पछि गाउँपालिकाको सूचना पाटी, वेवसाईट मा प्रकाशन गरिनेछ ।

१०. **सेवा सुविधा:-**आमचोक गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

११. **आवेदन दस्तुर बुझाउने प्रकृया:-** आन्तरिक राजश्व खाता आमचोक गाउँपालिकाको नाममा सिद्धार्थ बैक लिमिटेड वालंखा, भोजपुर शाखामा रहेको खाता नं **०२६१५३९१७५१** मा रु ५००/- बुझाई बैक भौचर पेश गर्नु पर्नेछ ।

Email: info@aamchowkmun.gov.np

# आमचोक गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर
प्रदेश नं १, नेपाल

प.सः २०७७/०७८
च.नं : ४८

१२. म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन। आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार गाउँपालिकालाई हुनेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

१३. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यसपालिकाको कार्यालयको टेलिफोन नं ९८५२०८१३३६ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

(**नोटः** ईमेल बाट दरखास्त फारम बुझाउने आवेदकले दरखास्त फारम, बैंक भौचर लगायत सम्पूर्ण कागजात स्क्यान गरी ईमेल मा पठाउनु पर्नेछ।)

याम बहादुर उप्रकोटी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत